# मानेभञ्ज्याङ्ग गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मानेभञ्ज्याङ्ग ओखलढुङ्गा
प्रदेश नं. १,नेपाल

## मानेभञ्ज्याङ्ग गाउँपालिका क्षेत्र भित्रको खोला /नदीबाट उत्खनन्/संकलन हुने **बालुवा** संकलन तथा बिक्री शुल्क दस्तुर उठाउने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०५/२१**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२क र यस मानेभञ्ज्याङ्ग गाउँपालिकाको आर्थिक ऐन २०७५ तेश्रो संशोधनको दफा १६को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोमि नदीजन्य पदार्थ उत्खनन् गरी मानेभञ्ज्याङ्ग गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति , फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र ,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र ,आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.न. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घन फिट ) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक ) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | 01/IR/CESF DASR/MV/077/78 | मानेभञ्ज्याङ्ग गाउँपालिका क्षेत्र भित्रको खोला/नदीको बगरबाट संकलन/उत्खनन् हुने **बालुवा** बिक्री तथा संकलन शुल्क गर्ने कार्य ।( **दूधकोशी नदीको बगर क्षेत्र** : सोक्माटार १, सोक्माटार २, जयरामघाट, पशुबजार, गाजले खोला दोभान) र (सूनकोसी नदीको बगर क्षेत्रः हर्कपुर, माझीगाउँ, मोलुङ्ग दोभान ) | १४३९४४१।६४ | ६८४३०५९।८६ | ३४२२००।०० | ३०००।०० |
| | | **कुल जम्मा रकम रु.** | | **६८,४३,०५९।८६** | | |

**शर्तहरु**

१.फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, ,आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ,बोलपत्र फारम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय मानेभञ्ज्याङ्गमा रहेको यस कार्यालयको खाता नं. २४८०३०४०१८१०२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र विधुतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि

उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२.बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५% (प्रतिशत)को दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय मानेभञ्ज्याङ्गमा रहेको धरौटी खाता नं. २४८०३०४०१८१०२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३.खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम ,ठेगाना,कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना , फोन नं. ,मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२.०० बजे भित्र www.bolpatra.gov.np/egp मार्फत विधुतीय प्रति दर्ता गनु पर्नेछ ।

४.एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि , निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५.प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २०औं दिन दिनको १२.०० बजे मानेभञ्ज्याङ्ग गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलीपल्ट सोही समयमा हुनेछ ।

६.बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी ,रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७.बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घर दैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ४० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दाश्रो किस्तावापत ६० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा २०७८ साल साउन मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक , सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८.तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस मानेभञ्ज्याङ्ग गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन , प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

नोट :- यस सम्बन्धी विस्तृत सूचना कार्यालयमा वा कार्यालयको वेबसाईट www.manebhanjyangmun.gov.np, र www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

तुलसी भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत